मितिः २०८१/११/०४
समयः दिनको ११:०० बजे
स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय,
मकवानपुर।

आज मिति २०८१ साल फाल्गुन ०४ गते आईतबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको कार्यपालिका बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |

| | | | |
|---|---|---|---|
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

**प्रस्तावहरु:**

१. संघीय समपूरक तथा संघीय विशेष अनुदानको योजना सिफारिस सम्बन्धमा।

२. पोषण प्रबर्धनको लागि पोषण प्याकेज तथा पोषणजन्य कार्यक्रम कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा।

३. विविध।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णयहरु:

१. राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना बमोजिम संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान गरिएको हुँदा गाउँपालिकाबाट निम्न योजनाहरु पेश गर्ने निर्णय गरियो।

**(क) समपूरक योजना अन्तर्गत योजना तथा कार्यक्रमहरु:**

| सि.नं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | फास्टार सुकुभञ्याङ्ग मोटरबाटो स्तरीकरण | ४ करोड (गा.पा. १ करोड २० लाख र संघीय सरकार २ करोड ८० लाख) | क्रमागत |
| २. | कालिकाटार गोगने मोटरबाटो | २ करोड (गा.पा. ६० लाख र संघीय सरकार १ करोड ४० लाख) | |
| ३. | घुमाउने बुकुटी हुँदै लिक्चे मोटरबाटो स्तरीकरण, वडा नं ४ | १ करोड (गा.पा. ३० लाख र संघीय सरकार ७० लाख) | |

**(ख) विशेष अनुदान अन्तर्गत योजना तथा कार्यक्रमहरु:**

| सि.नं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | चेपाङ्ग तथा अति विपन्न समुदायका (मातृ तथा बालबालिका) लागि पोषण सुधार कार्यक्रम | १ करोड | |
| २. | दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछिडिएको समुदायका लागि छात्रबास कार्यक्रम (कमला मा.वि.,कैलाश -२) | २ करोड | |

२. यस गाउँपालिकाकको विधायन समितिमा छलफल गरी पेश हुन आएको कार्यविधि ***"गर्भवती/सुत्केरीहरुको लागि खाद्य आहार तथा कुपोषित घरपरिवारको पोषण प्रवर्धनको लागि पोषण प्याकेज झोला वितरण तथा पोषणजन्य कार्यक्रमको कार्यविधि, २०८१"*** माथि थप छलफल गर्नु पर्ने भएकोले आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

३. विविध

(क) आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम अन्तर्गत "देउतीस स्याङसिराङ ४ नं वडा कार्यालय सडक निर्माण" को लागि रु. २०,००,०००/- (बीस लाख मात्र) बजेट विनियोजित गरिएकोमा उक्त कार्य सम्पन्न गर्नेका लागि रकम रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैंया मात्र) अपुग भएको हुनाले सो अपुग रकम भैपरि आउने पूँजिगत शीर्षकबाट थप गर्ने निर्णय गरियो।

(ख) चालु आ.व. २०८१/८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ***"बडरेखोला टूलोचौर सिंचाई मर्मत र बाँसखोला तल्लो फाँट"*** योजनाको लागि विनियोजित रकम, सो स्थानमा बेरोजगार नामावलीमा कसैको नाम नभएकोले सो योजनाको सट्टा ***"सोलाभञ्याङ्ग बाङ्गे कृषि सडक सोलिङ्ग"*** योजनामा विनियोजित बजेट खर्च गर्ने निर्णय गरियो।

(ग) यस गाउँपालिकाको आ.व. २०८०/८१ मा तोकिएको सूचकहरुको आधारमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) गर्दा ६६.३ प्रतिशत देखिन आएको हुँदा सो नतिजा अनुमोदन गरी नतिजा सार्वजनिक गर्ने निर्णय गरियो।

अमृत श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष